nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

28°C । वर्ष :११, अंक : १८ पृष्ठ ४ । बिहीबार, १९ भदौ २०८२ । THURSDAY, SEPTEMBER 04, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## ७२ घन्टाको रिपोर्ट १३ दिनसम्म नआउँदा सरकारमाथि प्रश्नवाचक चिन्ह




**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ भदौ ।***

बीरगन्ज महानगरपालिकामा हैजा फैलिएको १३ दिन भइसक्दा पनि प्रदेश र संघीय सरकारले संक्रमणको यथार्थ कारण सार्वजनिक गर्न सकेको छैन । ७२ घन्टामा आउनुपर्ने पानीको कल्चर रिपोर्ट अझै नआएको भन्दै जनस्वास्थ्यमाथि सरकारको लापरवाहीको आरोप लाग्दै आएको छ । संघीय स्वास्थ्य मन्त्रालय र प्रदेश सरकार दुवैले अहिलेसम्म हैजाको स्रोत पुष्टि गर्ने कुनै प्रतिवेदन सार्वजनिक गरेका छैनन् । महामारी फैलिएको भए पनि सरकारी तहबाट ठोस जवाफ नआउँदा जनतामा त्रास मात्र होइन, आक्रोशसमे बढ्दै गएको छ । **८९९ बिरामी, १७६ मा हैजा पुष्टि** महानगरपालिकाको तथ्याङ्कअनुसार, अहिलेसम्म ८९९ जना झाडापखाला तथा शंकास्पद हैजाका बिरामी अस्पताल भर्ना भएका छन् । तीमध्ये १७६ जनामा हैजा पुष्टि भइसकेको छ । उपचारपछि १६२ जना घर फर्किसकेका छन् ।

**स्रोत अझै अज्ञात** संक्रमण देखिएको १३ दिन भइसक्दा पनि हैजाको वास्तविक कारण खुल्न सकेको छैन । कहिले खानेपानी, कहिले तरकारी भन्ने दोधारमा सरकारी निकायहरू अल्मलिएका छन् । स्वास्थ्य मन्त्रालयबाट पठाइएको विज्ञ टोलीले समेत स्पष्ट कारण बताउन नसकेको अवस्था

बाँकी तेश्रो पृष्ठमा⇨

## मल वितरणमा सखुवा प्रसौनी गाउँपालिकामा विवाद

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ भदौ ।***

पर्साको सखुवा प्रसौनी गाउँपालिकामा मलखाद वितरण कार्यमा विवाद भएको छ । गाउँपालिकामा किसानलाई वितरणका लागि सहकारीमार्फत आएको अनुदानको मल वितरणमा लापरवाही गरिएको भन्दै वडा नं. ५ का स्थानीयहरूले विरोध गरेका छन् । स्थानीयहरूको आरोप अनुसार गाउँपालिकामा थोरै मात्र आएको अनुदानको मल वितरण प्रक्रिया समेत पारदर्शी छैन । यसअघि पनि मल वितरणको विषयलाई लिएर गाउँपालिकाका विभिन्न वडाहरूमा विवाद हुँदै आएको छ । वडा नं. २ मा समेत मल वितरणसम्बन्धी विषयलाई लिएर विवाद भएको थियो । स्थानीय अगुवाहरूका अनुसार गाउँपालिकामा अनुदानको मल खरिदका लागि गरिएको सिफारिसमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षबीच कुरा नमिलेपछि पटक-पटक विवाद हुने गरेको छ । वडा नं. ५ मा मल वितरणको जिम्मा पाएको बालीनाली कृषि



सहकारीका अध्यक्ष मन्जय साहले भने, भनिएजस्तो ठूलो विवाद नभएको दाबी गरेका छन् । उनका अनुसार मल वितरण गर्नु अघिल्लो दिन वडामा सार्वजनिक सूचना जारी गरिएको थियो र नियमपूर्वक तरिकाले मल वितरण गरिएको थियो । साहले भने, “मलको कोटा थोरै छ भने माग धेरै भएकाले स्वाभाविक रूपमा भिड भएको हो । लाइन मिलाउने क्रममा र नाम दर्ता गर्दा केही हो-हल्ला भएको थियो । कतिपयले एउटै घरका दुई-तीन जनाको नाम दर्ता गर्न खोजेपछि हल्का भनाभन मात्र भएको हो ।” स्थानियहरूको भिडभाड भए पनि शान्तिपूर्वक प्रक्रिया पुर्‍याएर मल वितरण गरिएको साहले नेपाल पोस्ट डेलीलाई बताए । उनका अनुसार यसपटक वडा नं. ५ मा जम्मा ५१ बोरा युरिया र ४६ बोरा डिएपी आएको थियो । तर किसानको माग बढी भएकाले भिड हुनु स्वाभाविक भएको उनले बताए । साहका अनुसार अहिले सबै किसानलाई युरिया मल आवश्यक भए पनि ५१ बोराले माग धान्न नसक्ने भएकाले कोटा बढाउन पहल गर्नुपर्ने अवस्था छ । तर कतिपयको भनाइमा माग धेरै र कोटा थोरै भएकाले वितरण प्रक्रियामा प्रायः जालझेल हुने गरेको छ ।

## भूमि विधेयकको विरोधमा वीरगंजमा जसपा नेपालको प्रदर्शन

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ भदौ ।***

सरकारले ल्याउन लागेको भूमि विधेयकको विरोधमा जनता समाजवादी पार्टी (जसपा) नेपालले वीरगंजमा प्रदर्शन गरेको छ । वीरगंजको लालबंगला बाट सुरू भएको विरोध र्‍याली बजारका प्रमुख चौकहरूको परिक्रमा गर्दै घण्टाघरमा कोणसभामा परिणत भएको थियो । कोणसभामा जसपा नेपालका प्रदेश सांसद तथा पूर्वमन्त्री सिंहासन साह कलवार, केन्द्रीय सदस्य फिरोज मंसुर, शशिकपुर मिया, पार्टी पर्सा अध्यक्ष रामनरेश यादव, वीरगंज महानगरपालिका-११ का वडा अध्यक्ष एवं जसपा नेता अजय चौरसियालगायतले सम्बोधन गरेका थिए । नेताहरूले भूमि विधेयक गरिब, दलित, थारु, अल्पसंख्यक




र भूमिहीन मधेसीहरूविरुद्ध रहेको दाबी गर्दै, यसलाई कुनै हालतमा पारित हुन नदिने स्पष्ट पारे । साथै, गौर घटनासम्बन्धी सरकारले गरिरहेको गतिविधिको पनि कडा विरोध गरेका थिए । उनिहरूले गौर घटनामा पार्टी अध्यक्षलाई राज्यले फसाउन खोजेको आरोप लगाउँदै त्यसप्रति आपत्ति जनाए । साथै, सरकारले राजनीतिक घटनालाई तोडमोड गरेर फेरि देशमा विवाद उत्पन्न गर्न खोजेको भन्दै मधेसी समुदाय चुप नबस्ने चेतावनी दिएका थिए । भुमि बिधेयक पारित भए मधेश मरुभुमी भन्दै जसपा नेपाल बिरोध गर्दै आएको छ ।

## बीरगन्जमा हैजाको प्रकोप जारी, एकै दिन ३१ नयाँ बिरामी थपिए

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ भदौ ।***

वीरगन्जमा हैजाको संक्रमण अझै नियन्त्रणमा आउन सकेको छैन । बुधबार बिहान १० बजेसम्मको पछिल्लो तथ्यांकअनुसार, एकै दिन थप ३१ जना नयाँ बिरामी थपिएका छन् । हालसम्म कूल ९६५ जना हैजाका बिरामी दर्ता भएका छन्, जसमध्ये ८६५ जना उपचारपछि डिस्चार्ज भइसकेका छन् । अहिले पनि अस्पतालमा उपचार गराइरहेका बिरामीको संख्या १०० रहेको छ । स्वास्थ्य कार्यालय पर्साले दिएको जानकारीअनुसार, १४ जना बिरामीको आईसियू (ICU) मा, २ जनाको एचडीयू (HDU) मा र ८४ जनाको जेनेरल वार्डमा उपचार



भइरहेको छ । संक्रमण बढ्दै गएकाले अस्पतालहरूमा बिरामीको चाप बढेको छ । स्वास्थ्यकर्मीहरूले दूषित पानीको प्रयोग र सरसफाइमा ध्यान नदिएसम्म संक्रमण फैलिन सक्ने चेतावनी दिएका छन् । स्थानीय सरकार र स्वास्थ्य निकायले संक्रमण नियन्त्रणका लागि विभिन्न उपायहरू अपनाइरहेको भए पनि जनचेतनाको अभाव र दूषित खानेपानीको समस्याले चुनौती थपेको छ ।

## बीरगन्जका व्यवसायी दीनानाथ गुप्ता र घिरेन्द्र पटेल जनमत पार्टीमा प्रवेश

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,१८ भदौ ।***

पर्सा जिल्लाका सामाजिक र व्यवसायिक रूपमा परिचित व्यक्तित्वहरू दीनानाथ प्रसाद गुप्ता र घिरेन्द्र पटेल जनमत पार्टीमा प्रवेश गरेका छन् । राजधानीको मध्य-बानेश्वरस्थित पार्टी केन्द्रीय सम्पर्क कार्यालयमा आयोजित कार्यक्रममा उनीहरूले जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सी.के. राउतबाट औपचारिक रूपमा पार्टी सदस्यता ग्रहण गरे ।

पार्टी प्रवेशलाई जनमत पार्टीले उत्साहजनक र ऐतिहासिक उपलब्धिका रूपमा लिएको छ । गुप्ता र पटेल दुवैजना बीरगन्जको सामाजिक तथा व्यावसायिक क्षेत्रका प्रभावशाली अनुहार मानिन्छन् । उनीहरूको पार्टीमा आबद्धताले पर्सा जिल्लामा जनमत पार्टीको संगठनात्मक उपस्थिति थप



सुदृढ हुने अपेक्षा गरिएको छ । समारोहमा बोल्दै जनमत पार्टी पर्साका अध्यक्ष ओम प्रकाश सराफले भने, “गुप्ता र पटेलजस्ता व्यक्तित्वहरूको आगमनले पार्टीलाई थप ऊर्जा र गतिशीलता प्राप्त हुनेछ । यो हाम्रो लागि गौरवको क्षण हो ।” पार्टीका राष्ट्रिय प्रवक्ता डा. सरद सिंह यादव, केन्द्रीय सचिव बिगु चौधरी, कार्यकारी सदस्य माधव सिंह, नेता भूपेन्द्र साह, पर्सा युवा अध्यक्ष उदय यादव लगायतको उपस्थिति रहेको कार्यक्रममा, नवप्रवेशी नेताहरूको स्वागत गर्दै पार्टीले स्थानीय मुद्दा समाधान र संगठन विस्तारमा उनीहरूको सक्रिय योगदानको अपेक्षा व्यक्त गर्‍यो । जनमत पार्टीको अनुसार, वीरगञ्जजस्ता रणनीतिक क्षेत्रहरूमा प्रभावशाली व्यक्तित्वहरूको सहभागिताले पार्टीलाई

बाँकी तेश्रो पृष्ठमा⇨

## रौतहटमा ट्रक र स्कार्पियो ठोक्किँदा सात जना घाइते

***रौतहट,१८ भदौ ।***

रौतहटको चन्द्रपुर नगरपालिका-४ धनसर पुल नजिकै पूर्व-पश्चिम महेन्द्र राजमार्गमा बुधबार बिहान ट्रक र स्कार्पियो एकआपसमा ठोक्किँदा सात जना घाइते भएका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका अनुसार बिहान ४:३० बजे गण्डकी प्रदेशको बा ८०४ नम्बरको स्कार्पियो गाडी पोखराबाट सर्लाहीको हरिवन जाँदै गर्दा विपरीत दिशाबाट आइरहेको प्रदेश १-०२-००१ ख ९४१० नम्बरको ट्रकसँग ठोक्किएको हो । दुर्घटनामा स्कार्पियो चालक विष्णुप्रसाद पौडेल , ट्रक चालक शिव आले मगर , मीरा अधिकारी, पार्वती गुरुङ, सोनुमाया पाइजाको , भगवती गुरुङ र वृद्धिमाया पुन घाइते भएका छन् । घाइतेमध्ये चार जनाको हाइवे ट्रमा अस्पताल चन्द्रनिगाहपुरमा उपचार भइरहेको छ भने गम्भीर घाइते सोनुमाया पाइजाको, भगवती गुरुङ र वृद्धिमाया पुनलाई एल.एस. न्यूरो अस्पताल, परवानीपुर बारामा सारिएको छ । दुर्घटनामा स्कार्पियो सवार दामोदर अधिकारी र ट्रकका सहचालक राजन थापा भने सकुशल छन् । दुर्घटनापछि केहीबेर सडक अवरुद्ध भए पनि ट्राफिक प्रहरी र इलाका प्रहरी चन्द्रनिगाहपुरको टोलीले बाटो खुला गरेको छ । दुबै सवारीसाधनलाई अनुसन्धानका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा ल्याइएको छ ।

## लागूऔषध गाँजासहित महिला पक्राउ

***बारा,१८ भदौ ।***

प्रहरीले बाराको सिम्रौनगढ नगरपालिकाबाट करिब १३८ किलो लागूऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराद्वारा जारी प्रेस विज्ञप्तिका अनुसार, विशेष सूचनाको आधारमा शुक्रबार राति साढे ७ बजेको समयमा प्रहरीले गाँजा बरामद गरेको हो । इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट प्रहरी निरीक्षक पवन पछाईको कमान्डमा खटिएको टोलीले सिम्रौनगढ नगरपालिका वडा नं. २, नयका टोलस्थित ३५ वर्षीया रिता देवी यादवको घरमा छापा मारेको थियो । घर खानतलासी गर्दा खाटमुनि जुट र प्लाष्टिकको बोराभित्र लुकाइछिपाइ राखिएको अवस्थामा १३८ किलो ७०० ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ । गाँजासहित घरधनी रिता देवी यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ र यस विषयमा थप

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### संघीयता स्वीकारेर कर्मचारी ऐन

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको १० वर्ष भयो । संविधानले केन्द्रीकृत शासन सञ्चालनलाई संघ, प्रदेश र स्थानीय तहमा विकेन्द्रीकृत गरेको दुई वर्षमै राजनीतिक संघीयता अभ्यासमा आएको थियो । तर एक दशकसम्म प्रशासनिक र वित्तीय संघीयता कार्यान्वयनमा आउन सकेको छैन । सुरक्षा निकाय केन्द्रकै मातहतमा छ । न्यायलय केन्द्रीकृत संरचनामै रहने संविधानको परिकल्पना छ । यस्तोमा नेपालको संघीयता कस्तो हो ? भनेर प्रश्न गर्नेहरू बढेका थिए । प्रदेश संरचना बनेको छ तर काम गर्न आवश्यक कर्मचारी छैनन् । सुरक्षाको अधिकारका साथै वित्तीय संघीयताअन्तर्गत प्राकृतिक साधन स्रोतमा पहुँच पनि केन्द्रमै रहेको छ । यस्तो अवस्थामा संघीय निजामती ऐन बन्ने अन्तिम टुंगो लागेको छ । मंगलबार राष्ट्रिय सभाले संघीय निजामती सेवा विधेयक पारित गरेको छ । यसअघि नै प्रतिनिधि सभाले यो विधेयक पारित गरिसकेको छ । अब केही प्रक्रिया पूरा गरेपछि यो ऐनमा रूपान्तरित हुनेछ र संविधान जारी भएको एक दशकपछि प्रशासनिक संघीयता कार्यान्वयनमा जानेछ । संघीय संसद्बाट अगाडि बढेको निजामती विधेयकले संघीयता स्वीकारेको छ । तर यसमा रहेका कतिपय प्रावधानले संघीयताको पूर्णत: अभ्यास गर्न प्रदेश र स्थानीय सरकारले कहिले पाउँछन् ? भन्ने प्रश्न एकैसाथ उठाएको छ । किनभने २०७४ सालमा तीन तहको चुनाव भएपछि नै राजनीतिक संघीयता कार्यान्वयनमा आयो । तर स्थायी सरकारका रूपमा रहेको प्रशासनिक संयन्त्र अर्को १० वर्षसम्म पनि संघको कमान्डमा हुने भनिएको छ । संविधानत: स्थानीय तह र प्रदेशमा पनि कार्यपालिका र व्यवस्थापिका छन् । जसलाई कानुन बनाउन र कार्यान्वयन गर्ने अधिकार छ । स्थानीय तहमा न्यायिक समिति पनि छ । जसले बनेका कानुनअनुसार व्यवहार भए/नभएको हेर्छ र फैसला गर्छ । यति अधिकारसम्पन्न स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत बढीमा १० वर्षसम्म संघीय निजामती सेवाको हुने भनिएको छ । प्रदेशका प्रमुख सचिव संघीय सेवाकै पद हुनेछ । प्रदेश मन्त्रालयको सचिव पद प्रदेश सेवाको हुनेछ तर आगामी १० वर्षसम्म संघीय निजामती सेवाबाट पठाइनेछ । त्यसपछि पनि अर्को व्यवस्था भएपछि मात्रै प्रदेश सचिव प्रदेशको कहिले हुने टुंगो लाग्नेछ । सारमा हेर्दा संघीयता स्वीकारेर कर्मचारी ऐन आउन लागेको छ । तर अर्को १० वर्षसम्म केन्द्रीकृत रूपमै तीनवटै तहको कर्मचारीको कमान्ड गर्ने भनिएको छ । यसले एकातिर संविधान मानेजस्तो अर्कोतिर नमाने जस्तो गर्न खोजेको छ ।

# दलहरूमा लोकतन्त्रको दुर्दशा

**कमलेश डीसी**

आधुनिक समाजमा लोकतन्त्र सर्वथा उपयुक्त व्यवस्था हो । लोकतन्त्र व्यक्तिको जीवन पद्धति पनि हो । लोकतन्त्रलाई अझ लोकतान्त्रिक गर्ने काम दलहरूको हो । तर, दलहरू नै अलोकतान्त्रिक भएको अनुभूति छ । दलहरू आन्तरिक लोकतन्त्रले मजबुत नभएसम्म न समाज लोकतान्त्रिक हुन सक्छ, न त राज्य व्यवस्था नै । हामी पार्टीमा आन्तरिक लोकतन्त्रको प्रारम्भिक अवस्थामा छौं । यसबारे गम्भीर बहस हुन सकेको छैन । लोकतन्त्रकै लामो अभ्यास नभएकाले पनि यस्तो भएको हुन सक्छ । लोकतन्त्रको निरन्तरतामा समस्या हामीकहाँ मात्रै होइन, दक्षिण एसियामा समेत देखिएको छ । हामीले धेरै कुरा एकै पटक अभ्यास गर्नुपर्ने अवस्था छ । हिजो लोकतन्त्र भनेको कानुन र विधिको शासन प्रणाली र मानवअधिकारको रक्षाको कुरा भए पुग्ने अवस्था थियो । अहिले २१औं शताब्दीमा आइपुग्दा लोकतन्त्रका नयाँ आयामहरू देखिएका छन् । लोकतन्त्रको मूल भावना भनेको जनताको सर्वोच्चता, समान अधिकार, स्वतन्त्रता र पारदर्शी शासन हो । तर, विडम्बना के छ भने कतिपय लोकतान्त्रिक समाजमा नेतृत्वको स्वरूप र शैली भने अलोकतान्त्रिक छ । यस्तो नेतृत्वमा नेताहरूले लोकतान्त्रिक संस्था र प्रक्रियालाई औपचारिक रूपमा स्विकारे पनि व्यवहारमा अधिनायकवादी प्रवृत्ति देखाउँछन् । यसले लोकतन्त्रको मेरुदण्डलाई नै कमजोर पार्छ र समाजमा अविश्वास, विभाजन र निराशा फैलाउँछ । ख्यातिप्राप्त अमेरिकी लेखक जोन




डालले आफ्नो पुस्तक 'प्रजातन्त्रबारे' मा प्रजातन्त्रको परिभाषा यसरी गरेका छन् : लोकतन्त्र एक विचार नभई सदैव नैतिक 'लोकतान्त्रिक समताको सिद्धान्त हो ।' उनले बहुलवादी अवधारणामार्फत लोकतन्त्रलाई व्यवहारगत संरचनाका रूपमा वर्णन गरेका छन्, जहाँ जनप्रतिनिधित्व, प्रतिस्पर्धात्मक चुनाव, बहुदलीयता र नागरिक स्वतन्त्रता महत्त्वपूर्ण हुन्छन् । नेपालका कम्युनिस्ट पार्टीहरू जनवादी केन्द्रीयताको कुरा गर्छन् । झट्ट हेर्दा जनवादी केन्द्रीयता अलोकतान्त्रिक होइन । तलबाट बहुमतका आधारमा जनमत लिएर निर्णय गर्ने र केन्द्रले निर्णय कार्यान्वयन गर्दा असहमति राख्न नपाइने प्रणाली कम्युनिस्ट पार्टीमा छ । सकेसम्म सहमतिमा निर्णय गर । नसके बहुमतका आधारमा निर्णय गर । जब निर्णय भइसकेपछि कार्यान्वयनमा जान्छ, त्यसपछि विरोध गर्न पाइँदैन । यही नै जनवादी केन्द्रीयता हो । तर, यसको ठीक उल्टो केन्द्रीय कमिटीलाई पोलिटब्युरोले, पोलिटब्युरोलाई सचिवालयले र सचिवालयलाई स्थायी कमिटी हुँदै अध्यक्षको नजानिँदो 'डिक्टेसन' हुन्छ । यी सबै हुँदाहुँदै पनि पार्टीको नेतृत्वमा रहेको व्यक्तिले आफू अनुकूलको निर्णय गराउन खोज्छ । पार्टी अध्यक्ष छ भने फेरि अध्यक्ष हुने उसको रहर हुन सक्छ । एउटै व्यक्ति निरन्तर नेता बन्ने संस्कृतिले शक्तिलाई व्यक्ति केन्द्रित गर्दछ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल पनि भूमिगत र खुला राजनीतिमा सधैं नेता बन्ने अवसर पाएका भाग्यमानी नेतामै पर्छन् । यो प्रवृत्ति अन्य दलमा पनि देखिएकै छ । तर उनीहरू पार्टीभित्र आन्तरिक प्रतिस्पर्धामा जाने गर्छन् । दाहाल मात्र यस्ता अपवाद हुन्, जहाँ उनले आफैंलाई अध्यक्ष घोषणा गर्दै आएका छन् । नेपालका प्राय: सबै पार्टीमा पार्टीभित्र आन्तरिक बहस छैन । यत्रो संगठन भएका दल छन् तर उनीहरूले आन्तरिक प्लेटफर्ममा बहस गरेको देखिँदैन । लामो समयदेखि पार्टीहरूले सैद्धान्तिक रूपमा बहस उठाएका छैनन् । बहस न पार्टीहरूले बाहिर सिर्जना गर्न सकेका छन्, न त भित्र नै । आन्तरिक लोकतन्त्र मजबुत नभएको प्रमाण हो यो । सबै कुराको निर्णय गर्ने अधिकार नेतृत्वलाई सुम्पिएको छ । पार्टी भनेको त संस्थागत हुनुपर्‍यो । सबै प्रमुख पार्टीले प्रशिक्षण विभाग बनाएका छन् । तर तिनीहरू पार्टी अध्यक्षको इसाराबिना सिन्को पनि भाँच्न सक्तैनन् । आन्तरिक रूपमा नीतिबारे छलफल गर्न नेपाली कांग्रेसमा एउटा प्रतिष्ठान छ । त्यो पनि कार्यकर्ता व्यवस्थापन गर्नेमा मात्र सीमित छ । राष्ट्रिय मुद्दाहरूमा त्यसले बहस गरेको पाइन्न । आन्तरिक लोकतन्त्र नहुँदा अस्वस्थ बहस छ । गुट-उपगुट छन्, यही परिस्थितिले बेलाबेलामा पार्टीभित्र द्वन्द्व र विभाजनको अवस्था आउँछ । पार्टीको पदाधिकारी र नेतृत्वबीचको द्वन्द्व । नेतृत्व र केन्द्रीय समितिबीच द्वन्द्व । कार्यकर्ता र नेतृत्वबीच द्वन्द्व । यो आन्तरिक लोकतन्त्र नभएको विषय हो ।

माओवादीको स्थायी समिति बैठक व्यक्तिमा केन्द्रित भयो । असन्तुष्ट नेता जनार्दन शर्माका बारेमा मात्र बैठक केन्द्रित भएको देखियो । यसभन्दा लज्जास्पद कुरा अरू के हुन्छ ? शर्माले आत्मालोचना गर्ने र दाहालले गर्नु नपर्ने भन्ने वरिपरि नै स्थायी समितिका अधिकांश सदस्यले आफ्ना मत राखे । के यही विषयका लागि स्थायी कमिटीको बैठक बस्नुपर्थ्यो ? हरेक पार्टीमा निश्चित केही व्यक्तिको प्रभावबाट निर्णय हुने गरेको देखिन्छ । गाउँदेखि केन्द्रसम्म कमिटी भएका ठूला पार्टीमा यो स्थिति विद्यमान छ । कांग्रेसभित्र नेतृत्वको अनन्त सम्भावना भएका होलान् तर सबै छायामा परेका छन् । त्यस्तै, सम्भावना एमाले, माओवादीमा पनि छ । तर केपी शर्मा ओली र दाहाललगायतले रोकिराखेका छन् । लोकतन्त्र मजबुत बनाउनलाई तलैबाट नेतृत्व विकास गर्नुपर्छ ।

बाँकी तेश्रो पृष्ठमा

# कार्यान्वयन नहुने नीतिको चाङ

**मुक्ति रिजाल**

नेपालको सार्वजनिक नीति निर्माण व्यवस्थित र सुविचारित अवस्थामा रहेको देखिन्न । जिम्मेवार निकायमा नीतिसम्बन्धी बुझाइको दायरा पनि साँघुरो र संकुचित रहेको छ । मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयमा केही महिनायता नीति प्रयोगशाला (पोलिसी ल्याब) को परिकल्पना एवं व्यवस्था गरिएको छ । नीति निर्माणको सन्दर्भमा नीति प्रयोगशाला एकदमै उपयोगी हुन सक्ने संयन्त्र हो, जसले नीति निर्माणको प्रक्रिया अध्ययन, प्रयोग, परीक्षण र सुधार गर्ने उद्देश्य राख्छ । राम्रोसँग व्यवस्थित र सञ्चालन गरिएको अवस्थामा यसले नवीन सोचसहित नीति निर्माणमा योगदान दिन सक्छ । मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयमा स्थापित यो नीति प्रयोगशालामा नीति परिष्करण र परिमार्जनमा केही अभ्यास भएको देखिन्छ । यो नीति प्रयोगशालामा कार्यपालिकाबाट निर्माण भई जारी हुने नीति दस्ताबेजमा मात्र छलफल र परिमार्जन हुने गर्छ । यी नीतिहरूको कार्यान्वयन हुनुपर्ने कुनै बाध्यात्मक कारण हुँदैन । राज्यका नीतिलाई कानुनमा रूपान्तरण गरी वैधानिक हिसाबले कार्यान्वयनयोग्य बनाई लागू हुने ऐनका सम्बन्धमा व्यवस्थापिका-संसद्मा छलफल हुन्छ । विधेयक तर्जुमा हुने पूर्वविधायकी चरणमा यस प्रकारको विज्ञ छलफल एवं परामर्श गराउने, पेसागत, व्यावसायिक तथा नागरिक सरोकारवालाहरूको सुझाव लिने संयन्त्र र सुविधा व्यवस्थापिका संसद्मा हुनु उत्तिकै जरुरी छ । यसतर्फ भने ध्यान पुगेको देखिँदैन । विद्यालय शिक्षाजस्तो आमअभिभावक, शिक्षाविद्, विद्यार्थी तथा नागरिकका सरोकारको विषयलाई सबै तह र तप्काबीच बृहत् छलफल नगराई शिक्षक संगठन र निजी विद्यालय सञ्चालकको तानातानको विषय बन्नु र विधेयक अवरुद्ध हुनु हाम्रो नीति (विधि) तर्जुमा प्रक्रियामा रहेका त्रुटि नै मुख्य कारण हुन् । संविधानबमोजिम विद्यालय शिक्षाको वास्तविक नीति निर्माता एवं व्यवस्थापक स्थानीय तह भए पनि यो प्रक्रियामा स्थानीय तह उपेक्षित देखिन्छन् । सार्वजनिक नीतिको दायरा र क्षेत्र एकदमै पराकिलो हुन्छ र हुनुपर्छ । सरकारले लिने सबै प्रकारका निर्णय, पहलकदमी, योजना तथा सरकारका तर्फबाट सार्वजनिक हित अथवा नागरिक सरोकारको सम्बोधन गर्नका लागि तर्जुमा गरिने सबै प्रकारका रणनीति सार्वजानिक नीतिको परिभाषाभित्र पर्छन् । व्यवस्थापिका संसद्ले बनाउने ऐनहरू सार्वजनिक नीतिको अग्रभागमा रहने प्रमुख र महत्त्वपूर्ण औजार हुन्, जसको लोकतान्त्रिक व्यवस्थामा ठूलो वैधानिक महत्त्व र सर्वोपरिता रहन्छ । सार्वजनिक नीति विशेषज्ञ थोमस डाइका अनुसार सरकारका तर्फबाट सार्वजनिक हित एवं कल्याणका लागि गरिने सबै कार्य गर्न तथा सार्वजनिक हितमा बाधा पुग्न जाने कुनै कार्य नगर्ने भनी गरेको निर्णय सबै सार्वजनिक नीतिको परिभाषाभित्र पर्छन् । अर्थात् सरकारले गर्ने वा नगर्ने कार्यको योग नै सार्वजनिक नीति हो । तर, हामीकहाँ नीति भन्नाले नेपाल सरकारका मन्त्रालय तथा निकायहरूले कुनै विषयगत एवं क्षेत्रगत विधाका सम्बन्धमा बनाउने नीति नामले पुकारिने दस्ताबेजलाई मात्र बुझ्ने परिपाटी छ । वास्तवमा भन्ने हो भने नेपाल सरकारका मन्त्रालयका तर्फबाट जारी गरिने कुनै कुनै नीति दस्ताबेजको कुनै खास प्रयोजन भएको देखिँदैन । उदाहरणका लागि राष्ट्रिय शिक्षा नीति, २०७६ महत्त्वहीन दस्ताबेजका रूपमा रहेको छ । कुनै क्षेत्र एवं विधामा सरकारको धारण अथवा दृष्टिकोण स्पष्ट गर्ने कामबाहेक यस प्रकारका नीति दस्ताबेजको कुनै ठूलो प्रभाव तथा महत्त्व भएको देखिँदैन । कार्यविधि, मापदण्ड तथा निर्देशिकासहित यस प्रकारका नीति भनिने दताबेजको संख्या चानचुन हजारको संख्यामा रहेको बताइन्छ । हरेक वर्ष यस प्रकारका नीति दस्ताबेजहरू थपिने गर्छन् । मन्त्रालयको नेतृत्व सम्हाल्न कुनै नयाँ मन्त्री नियुक्त हुनेबित्तिकै आफ्नो कार्यकालमा आफ्नो मत्रालयसँग सम्बन्धित क्षेत्रगत नीति तर्जुमा गर्नुलाई उपलब्धिका रूपमा लिने प्रवृत्ति रहेको छ । नीतिको औचित्य र आवश्यकताको कुनै वस्तुगत र ठोस विश्लेषण गरिँदैन । सरोकारवालाहरूको सार्थक सहभागिताबिनै यस प्रकारका नीतिहरू बनाउने कार्य गरिन्छ । त्यस्ता नीतिहरू उद्देश्यमूलक हुँदैनन् । नीति दस्ताबेजको मस्यौदा संरचनामा पनि एकरूपता देखिँदैन । यसरी बनाइने नीतिको व्यवस्थापिका संसद्ले बनाउने ऐनको जस्तै कार्यान्वयनको कुनै बाध्यात्मक व्यवस्था हुँदैन, कागजी दस्ताबेजका रूपमा थन्किरहेको देखिन्छ । नीति दस्ताबेजमा रहेका व्यवस्थाहरूको पालना एवं कार्यान्वयन नगर्दा कुनै कारबाही या परिणाम भोग्नु पर्दैन । यस्ता केही नीति दस्ताबेजको मस्यौदा तयारीका सिलसिलामा परामर्शदातासमेतको सहयोग लिई धेरै धनराशि खर्चसमेत गरिन्छ भन्ने आरोप छ । तर यसरी बनेका नीतिको उपादेयताको भने खासै लेखाजोखा भएको देखिँदैन । यस प्रकारका नीतिहरू कत्तिको कमयाबी भए, व्यवस्थापिका संसद्ले ऐन बनाउँदा नीतिहरूमा रहेका व्यवस्था कत्तिको सन्दर्भ सामग्रीका रूपमा उपयोगी भए तथा कार्यान्वयनको अवस्था के छ भन्नेबारेमा कुने समीक्षा एवं मूल्यांकन भएको पाइँदैन । राम्रोसँग गरिएको नीति समीक्षाले अपेक्षित परिणाम दिन सकेको छ कि छैन र नीतिमा के-के समस्या छन् भन्ने पत्ता लगाउन सकिन्छ । यसो गर्दा नीतिमा सुधार वा परिमार्जन गर्नुपर्ने पक्षको पहिचान पनि हुन्छ ।

केही समयदेखि सरकारी विशेषज्ञ समूह (थिंक ट्यांक) का रूपमा रहेको नीति अनुसन्धान प्रतिष्ठानका तर्फबाट केही पुराना नीतिहरूको मूल्यांकन एवं समीक्षा गर्ने पहल भइरहेको छ । तर यो उल्लेख्य संख्यामा छैन । एक कृषिविज्ञका अनुसार कृषि क्षेत्रको विकासका लागि ऐन, कार्यविधि, रणनीति तथा कार्यक्रमसमेत गरी करिब ७० को संख्यामा नीतिहरू विद्यमान छन् । तर कार्यान्वयन हुने नीतिको संख्या एकदमै न्यून भएको देखिन्छ । सम्बन्धित निकाय एवं सरोकारवालालाई समेत सबै नीति दस्ताबेजका बारेमा थाहा नहुन सक्ने अवस्था छ । नोबेल

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## पुटिनसँग किमले भने : रूसलाई सघाउनु हामी दाजुभाइको कर्तव्य हो

***काठमाडौँ, १८ भदौ ।***

चीनको राजधानी बेइजिङमा सम्पन्न ‘भिक्ट्री डे’ सैन्य परेडपछि रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र उत्तर कोरियाली नेता किम जोङ-उनबीच एक घण्टा लामो वार्ता भएको छ । रूसी सरकारी सञ्चारमाध्यम तासका अनुसार बन्द कोठामा एक घण्टाभन्दा बढी चलेको वार्तामा दुवैले आपसी सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता जनाए । पुटिनले किमलाई धन्यवाद दिँदै भने, ‘उत्तर कोरियाली विशेष दस्ताहरूले कुर्स्क क्षेत्रलाई स्वतन्त्र बनाउन ठूलो योगदान दिएका छन् । उनीहरूको साहस र बलिदानलाई हामी कहिल्यै बिर्सने छैनौँ ।’ उनले रूस-उत्तर कोरिया सम्बन्ध अब ‘साँचो गठबन्धन’मा रूपान्तरण भइसकेको पनि बताएका छन् । किमले पुटिनलाई धन्यवाद दिए । ‘रूसलाई सहयोग गर्नु हामी दाजुभाइको कर्तव्य हो । हामी जसरी सकिन्छ, सहयोग र समर्थन गरिरहनेछौं’,



उनले भने । युक्रेनविरुद्धको युद्धमा उत्तर कोरियाले आफ्ना सैनिक रसियन सैनिकसँगै उतारेको सन्दर्भमा किमको यो भनाइ आएको हो । उनले सन् २०२४ जुनमा भएको ऐतिहासिक सम्झौतापछि दुई देशबीच सहयोग मजबुत बनेको उल्लेख गरे । उक्त सम्झौता आपसी सुरक्षा केन्द्रित थियो, जसलाई किमले ‘अहिलेसम्मकै सबैभन्दा बलियो सन्धि’ भनेका थिए । किमले बैठकमा रूस-उत्तर कोरियाले विभिन्न क्षेत्रमा सहयोग विस्तार गर्नुपर्ने बताए । पुटिनले पनि यसमा सहमति जनाउँदै दुई देशबीचको सम्बन्धलाई रणनीतिक साझेदारीको स्तरमा उकास्ने संकेत दिए । यस वार्ताले रूस र उत्तर कोरियाबीचको गठबन्धन केवल सुरक्षा क्षेत्रमा सीमित नभई राजनीतिक, सैन्य र आर्थिक सहयोगसम्म विस्तार हुँदै गएको देखाएको छ ।

## पाकिस्तानको क्वेटामा बम विस्फोटमा परी १३ जनाको मृत्यु

***काठमाडौँ, १८ भदौ ।***

पाकिस्तानको क्वेटमा बलोचिस्तान नेशनल पार्टी (बीएनपी)को एक ऱ्यालीपछि भएको विस्फोटमा १३ जना मारिएका छन् भने ३१ जना घाइते भएका छन् । बैठक सकिएपछि बैठकस्थलभन्दा केही दूरीमा साथीलाई पर्खिरहेका बेला अचानक शक्तिशाली विस्फोट भएको घाइते जमान बलोचले बताएका छन् । बीबीसी उर्दुका अनुसार विस्फोटपछि कैयौं मानिसहरु जमिनमा ढलेका थिए र जतातते चिच्याहट सुनिरहेको उनले बताएका छन् । बलोचिस्तान नेशनल पार्टीका केन्द्र सूचना सचिव आगा बलोचले यो विस्फोट नवाब नियाज जेहरीको गाडीको नजिक भएको थियो । विस्फोटमा केही सुरक्षाकर्मी पनि



मारिएका छन् । राज्य सरकारले यस घटनाको अनुसन्धानका लागि सुरक्षा निकायलाई आदेश दिएको छ । बलोचिस्तानका मुख्यमन्त्री सरफराज बुगतीले घटनाको निन्दा गर्दै यो विस्फोट ‘मानवताविरोधीको कारयतापूर्ण कार्य’ रहेको बताएका छन् । उनले भनेका छन्, ‘ आतंकवादीको यो बर्बरतालाई कुनै हालतमा अन्त्य गरिनेछ ।’

## ट्रम्पले सीलाई भने- चीनलाई स्वतन्त्रता दिलाउन हामीले लगाएको गुण नभुल्नू

***काठमाडौँ, १८ भदौ ।***

अ म े रि की राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनका राष्ट्रपति सी जिनपिङलाई दोस्रो विश्वयुद्धताकाको समय सम्झाएका छन् । चीनले भिक्ट्री डेका अवसरमा शक्ति प्रदर्शन गरेकै दिन उनले चीनलाई स्वतन्त्रता दिलाउन अमेरिकाले गरेको सहयोग र बलिदानलाई सम्झन आग्रह गरेका हुन् । ‘चीनको विजय र गौरवको यात्रामा धेरै अमेरिकीहरूले ज्यान गुमाए । आशा छ, उनीहरूको वीरता र बलिदानलाई उचित सम्मान र सम्झना गरिरहनेछु, भनेका छन् । उनले राष्ट्रपति सी र चीनका जनतालाई यो उत्सवको दिनको शुभकामना दिँदै अमेरिकी



सैनिकहरूको योगदानलाई स्मरण गर्न अपील गरेका छन् ।

सन्देशमा उनले रसियन राष्ट्रपति भ्लादिमिर पुटिन र किम जोङ उनलाई पनि शुभकामना पठाएका छन् । ट्रम्पले व्यङ्ग्यात्मक शैलीमा चीन, रसिया र उत्तर कोरियालाई संयुक्त राज्य अमेरिका विरुद्ध षड्यन्त्र गरिरहेको उल्लेख गरेका छन् ।

### दलहरूमा लोकतन्त्र..........

अभ्यास र प्रक्रियाले नेतृत्व विकास गर्ने परिपाटी बसाउनुपर्छ । नेतृत्वले आफूभन्दा तलको नेतृत्वलाई वैचारिक, सैद्धान्तिक र सांगठनिक रूपमा खारिएर आओस् भन्ने वातावरण तयार पार्ने हो तर हामीकहाँ छेकिन्छ ।

अहिले ओली र दाहालको विकल्प छैन भन्ने भाष्य बनाइएको छ । जुन सरासर गलत र भ्रमपूर्ण छ । भारतमा पनि नेहरूपछि कांग्रेस सकिन्छ भन्ने स्थिति थियो । एउटै व्यक्तिलाई धेरै प्रभावशाली बनाउनु भनेको अरूको क्षमतालाई मार्नु हो र अरूलाई हुर्किन नदिनु हो । नेपालमै पनि मदन भण्डारीपछि एमाले सकिन्छ भनिएको होइन र ?साभार ईकान्तिपुर ।

### कार्यान्वयन नहुने..........

पुरस्कार विजेता तथा विश्व प्रसिद्ध चिन्तक डा. अमर्त्य सेनले आफ्नो द आइडिया अफ जस्टिस नामक पुस्तकमा नीति र न्यायका बारेमा सविस्तार विवेचना गरेका छन् । डा. सेनका अनुसार नीति बन्नु र बनाइनुको सार्थकता तब मात्र प्रस्ट हुन्छ, जब त्यो नीति कार्यान्वयन भई आमजनताको कल्याण हुन्छ, आफ्नै देश भारत र चीनको तुलना गर्दै उनी भन्छन्– भारतमा धेरै नीति बन्ने गर्छन् तर धेरैजसो ती नीतिहरू कागजमै थन्किरहन्छन् । तर, चीनमा भने राज्यका नीतिहरू कार्यान्वयनमा आउने गर्छन् र राजनीतिक हिसाबले अधिनायकवादी व्यवस्था भए पनि सामाजिक र आर्थिक विकासको सन्दर्भमा चीनले अभूतपूर्व प्रगति गरेको छ । लोकतान्त्रिक व्यवस्था भएका मुलुकमा नागरिक स्वतन्त्रता र हितका लागि नीति तर्जुमा हुनुपर्दछ र ती नीति प्रभावकारी ढंगले कार्यान्वयन हुने अपेक्षा गरिन्छ । तर, नेपाल र भारतजस्ता लोकतान्त्रिक मुलुकमा राज्यका नीतिलाई न्यायमा रूपान्तरण गर्ने कार्यमा अपेक्षित प्रगति हुन सकेको देखिँदैन । हामी अहिले संघीय प्रणालीअन्तर्गत छौं र नेपालको संघीय संविधानले नीति निर्माणसम्बन्धी कार्य तीन तहको सरकारमा निक्षेपित गरेको छ । साभार ईकान्तिपुर ।

### ७२ घन्टाको रिपोट........

छ । विशेषज्ञ डा. विशाल सुवेदी नेतृत्वको टोलीले “पानीको सप्लाई च्यानल” बाट संक्रमण फैलिएको प्रारम्भिक अनुमान गरेको भए पनि प्रयोगशालाबाट पानी परीक्षणको रिपोर्ट भने अझै सार्वजनिक भएको छैन । डा. सुवेदीले नै उक्त रिपोर्ट आफूहरूसँग नरहेको बताएका छन् । **खानेपानी मन्त्रालयले किन ढिलाइ गऱ्यो?** पानी परीक्षणको जिम्मा खानेपानी मन्त्रालयसँग भए पनि रिपोर्ट आउन १३ दिन लाग्नुले मन्त्रालयले जानाजानी रिपोर्ट रोकेको हो कि भन्ने प्रश्न उठ्न थालेको छ । सामान्यतया पानीको कल्चर रिपोर्ट आउन अधिकतम ७२ घन्टा लाग्छ । तर यो रिपोर्ट ३१२ घन्टा बितिसक्दा पनि आइनसक्नु सरकारको असक्षमता वा इच्छाशक्तिको अभावको संकेत हो भन्ने आम धारणा बनिरहेको छ । वीरगन्जका चिकित्सक डा. निरज सिंह भन्छन्, “७२ घन्टाभित्र रिपोर्ट आइसक्नुपर्ने हो, तर अझै आएन । हामी चिकित्सक हौं, रिपोर्ट ढिलाइ किन भयो भन्ने जानकारी त मन्त्रालयले दिनुपर्छ ।”

### बीरगन्जका व्यव..


स्थानीयस्तरमा अझ जनमुखी र विश्वासिलो बनाउनेछ ।

### अहिलेको सरका...

पैसाको बलमा सेटिङ गरेर कर्मचारी भर्ना गर्ने, त्यस्ता कर्मचारीबाट आफू अनुकूल निर्णय गराउने, जुन घातक प्रचलन हो त्यसलाई मैले रोकेकै हो । अहिलेको गठबन्धन बिचौलिया, दलालले बनाएको हो’, उनले भने, ‘राम्रो गर्न खोज्दा हटाउने, कुलमान हटाउने, कान्छाराम हटाउने काम भए । राम्रो गर्न खोज्दा इन्दिरा राना हटाउन षड्यन्त्र भइरहेको छ । छानिछानी हटाउने काम भएका छन् । जनजाति हटाएका छन् ।’ दलाल बिचौलियाहरुले पैसाको बलमा सेटिङ गरेर राज्य सञ्चालन खोज्ने विरुद्ध सबै पार्टीका महिलाहरूले सडक सङ्घर्षमा उत्रिन उनले आह्वान गरे ।

# स्वास्थ्य

## यी हुन् पेटमा बढी ग्यास उत्पन्न गर्ने खानेकुरा



कुनै पनि व्यक्तिले मलद्वारबाट ग्यास छोड्नु एक सामान्य प्रक्रिया हो । सामान्य व्यक्तिले दिनमा पाँचदेखि पन्ध्र पटक ग्यास छोड्छन् । यदि ग्यास छोड्दा हुने असुविधा वा लज्जालाई बेवास्ता गरियो भने, ग्यास छोड्नु राम्रो स्वास्थ्यको संकेत मान्न सकिन्छ । यो अवस्थालाई यसरी बुझ्न सकिन्छ- स्वास्थ्यका लागि सहयोगी चीजहरू खाइरहनुभएको छ, जसले ग्यास उत्पन्न गर्छ । ग्यास उत्पन्न गर्ने खाद्य पदार्थहरू सामान्यतया मुटुका लागि फाइदाजनक हुन्छन् । यी फाइबरले भरपूर जटिल कार्बोहाइड्रेटहरू हुन्छन् । साबुत अन्न, खैरो चामल, ओट्स र तरकारीहरूलाई जटिल कार्बोहाइड्रेट भनिन्छ किनभने यी बिस्तारै पच्छन् र लामो समयसम्म पेट भरिएको महसुस हुन्छ । हाम्रो शरीरले यी जटिल कार्बोहाइड्रेटलाई पूर्णरूपमा पचाउन सक्दैन, तर आन्द्रामा रहेका राम्रा ब्याक्टेरियाहरूले यिनलाई तोड्छन् र यो प्रक्रियामा ग्यास बन्छ । खानाका कुन-कुन चीजहरूले ग्यास उत्पन्न गर्छ ? कुन चीजहरूले ग्यासमा दुर्गन्ध ल्याउन सक्छ ? ग्यास सम्बन्धी समस्या हुँदा कस्तो अवस्थामा चिकित्सककहाँ जानु जरुरी छ ? **१.चिल्लो खाना** चिल्लो अर्थात् बोसोयुक्त खानाले शरीरमा पाचनको गति कम गर्छ । यसले गर्दा खाना आन्द्रामा लामो समयसम्म रहन्छ र त्यहाँ पाचन प्रक्रिया सुरु हुन्छ । यो प्रक्रियाले ग्यासमा दुर्गन्ध आउन थाल्छ । उदाहरणका लागि, चिल्लो मासु खाँदा यस्तो हुन सक्छ । चिल्लो मासु जस्तै रातो मासु अलि जटिल हुन्छ किनभने यो मेथियोनिन नामक एमिनो एसिडले भरपुर हुन्छ, जसमा सल्फर पाइन्छ । यसले आन्द्रामा रहेका ब्याक्टेरियाहरूले यसलाई हाइड्रोजन सल्फाइडमा परिणत गर्छन्, जसले गर्दा बिग्रेको अण्डाको जस्तो गन्ध उत्पन्न हुन्छ । मासु मात्र होइन, खानाका अन्य चीजहरूले पनि ग्यासको दुर्गन्ध बढाउन सक्छन् । **२.गेडागुडी** गेडागुडी र दालहरूमा धेरै फाइबर हुन्छ, तर यिनमा राफिनोज नामक जटिल चिनी पनि हुन्छ, जसलाई शरीरले पूर्णरूपमा प्रोसेस गर्न सक्दैन । यो चिनी सिधै आन्द्रामा पुग्छ, जहाँ रहेका ब्याक्टेरियाहरूले यसलाई ऊर्जाको रूपमा प्रयोग गर्न तोड्छन् । यो प्रक्रियामा हाइड्रोजन, मिथेन र कहिलेकाहीँ दुर्गन्धयुक्त सल्फरजस्ता ग्यासहरू बन्छन् । **३.अण्डा** सामान्य धारणा विपरीत, अण्डाले धेरैजसो मानिसहरूमा ग्यास उत्पन्न गर्दैन । यद्यपि, यिनमा मेथियोनिन नामक एमिनो एसिड पाइन्छ, जुन सल्फरले भरपूर हुन्छ । त्यसैले यदि दुर्गन्धयुक्त ग्यासबाट बच्न चाहनुहुन्छ भने, अण्डालाई ग्यास उत्पन्न गर्ने गेडागुडी जस्तैः राजमा, बोडी र चिल्लो मासुसँग खानु हुँदैन । यदि अण्डा खाँदा पेट फुल्ने वा ग्यासको समस्या हुन्छ भने, सम्भवतः अण्डाको एलर्जी हुन सक्छ । **४.प्याज** प्याज, आर्टिचोक, लसुन र हरियो प्याजमा फ्रक्टेन नामक कार्बोहाइड्रेट पाइन्छ । यो यस्तो तत्व हो जसले ग्यास उत्पन्न गर्छ र पेट फुल्ने समस्या निम्त्याउन सक्छ । **५.दूध र दुग्धजन्य उत्पादन** गाई र बाख्राको दूधमा ल्याक्टोज नामक चिनी हुन्छ, जसले ग्यास उत्पन्न गर्न सक्छ । विश्वभर करिब ७० प्रतिशत वयस्क जनसंख्या कुनै न कुनै स्तरमा ल्याक्टोज सहन गर्न सक्दैन । यस्ता व्यक्तिहरूलाई दूध वा अन्य दुग्धजन्य उत्पादनको सेवनले पेट फुल्ने र ग्यासको समस्या हुन सक्छ । **६.गहुँ र साबुत अन्न** फ्रक्टेन एक प्रकारको फाइबर हो, जसले ग्यास उत्पन्न गर्छ र साबुत अन्नमा पाइन्छ । ओट्स र गहुँबाट बनेका चीजहरू जस्तै रोटी, पास्ता र अन्य साबुत अन्नको सेवनले पनि ग्यास बन्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
**महागढीमाई नगरपालिकाको कार्यालय**
**बरियारपुर, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको
कार्यालय, फेटा, बारा


निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको
कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय**
**करैया, बारा**

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
**पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय**
**पटेर्वा सुगौली, पर्सा**

# मधेसबाट उठ्ने राजस्वको कम्तीमा ३५ प्रतिशत हिस्सा मधेसलाई दिनुपर्छ : अध्यक्ष ठाकुर

*जनकपुर,१८ भदौ ।*



लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेस प्रदेशबाट उठ्ने राजस्वको कम्तीमा ३५ प्रतिशत हिस्सा मधेसमै खर्च गर्नुपर्ने बताएका छन् । सप्तरीमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष ठाकुरले मधेसबाट उठ्ने राजस्वको न्यूनतम हिस्सा मात्र प्रदेशमै पुगिरहेको अवस्था देखाउँदै भने, "जनसङ्ख्याको आधारमा बजेट बाँडफाँट हुनुपर्छ । यस प्रदेशबाट उठ्ने राजस्वको कम्तीमा ३५ प्रतिशत मधेसले पाउनुपर्छ, तब मात्रै यहाँको विकास सम्भव हुन्छ ।" मधेसका सुख्खाग्रस्त क्षेत्रहरूको अवलोकनका क्रममा आफू प्रधानमन्त्रीसँगै रहेको र त्यस बेला भएका घोषणाहरू अझै कार्यान्वयन नभएको उनले बताए । उनले भनाए, "प्रधानमन्त्रीले ५०० 'डिप बोरिङ' दिने घोषणा गरेका थिए, तर कार्यान्वयन भएको छैन ।" अध्यक्ष ठाकुरले अन्न भण्डार, खडेरी, र खानेपानीको समस्या सम्बन्धी मुद्दामा आफ्नो पार्टीले सरकार र संसदमा आवाज उठाइरहेको पनि जानकारी दिए । पत्रकार सम्मेलनमा लोसपाका वरिष्ठ उपाध्यक्ष जयप्रकाश ठाकुर, जिल्ला अध्यक्ष सुनिल झा, र अन्य नेताहरूको पनि उपस्थिति थियो । उनीहरू राजविराजमा बुधबार आयोजना हुने सङ्घीय लोकतान्त्रिक मोर्चाको जनजागरण अभियान कार्यक्रममा सहभागी हुन आएका थिए ।

# सातै प्रदेशमा कम्तीमा एक अटिजम स्कुल आवश्यक : स्वास्थ्यमन्त्री पौडेल

*काठमाडौं,१८ भदौ ।*



स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सातै प्रदेशमा कम्तीमा एक-एक अटिजम स्कुल आवश्यक रहेको बताएका छन् । मन्त्रालयमा बुधबार आयोजित एक कार्यक्रममा अटिजमको उपचार, रोकथाम र समग्र व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन ग्रहण गर्दै मन्त्री पौडेलले प्रारम्भिक चरणमा सबै प्रदेशमा एक अटिजम स्कुल स्थापना गर्ने आवश्यकता औंल्याए । अध्ययन प्रतिवेदन प्रा.डा. दीपकप्रकाश महराको संयोजकत्वमा गठित समितिले तयार पारेको थियो । उनले काठमाडौंको बुढानिलकण्ठ-४ मा अटिजम स्कुल बन्न लागेको जानकारी दिए । उक्त क्षेत्रमा भवन निर्माण प्रक्रिया शुरु भइसकेको र यसका लागि चालु आर्थिक वर्षमा ३ करोड रुपैयाँ बजेट छुट्याइएको उनले बताए । मन्त्री पौडेलले काठमाडौं महानगरपालिकासँग पनि समन्वय गरेर यो परियोजना अघि बढाइने बताए । उनले भने, "प्रारम्भिक चरणमा काठमाडौंमा अटिजम स्कुल निर्माण गरेर नै छाड्ने हाम्रो लक्ष्य छ । सातै प्रदेशमा कम्तीमा एक-एक स्कुल आवश्यक छ । यसका लागि आवश्यक योजना र बजेटको व्यवस्थापन अघि बढाइँदैछ ।" स्वास्थ्यमन्त्री पौडेलले हालसम्म नेपालमा कति अटिजम भएका बालबालिका छन् भन्ने यकिन तथ्याङ्क नभएको पनि बताए ।

# जनकपुरधाममा दसैं बजार सञ्चालनबारे सर्वपक्षीय छलफल सम्पन्न

*जनकपुर,१८ भदौ ।*



सुपथ र सुलभ दसैं बजार सञ्चालनबारे जनकपुरधाममा सर्वपक्षीय छलफल भएको छ । प्रत्येक वर्षजस्तै यसपटक पनि दसैं बजार सुरु गर्नु अघि स्थानीय व्यापारी, सरोकारवाला निकाय र समुदायबीच छलफल आयोजना गरिएको हो । बुधबार जनकपुरधाम उद्योग वाणिज्य संघमा भएको छलफलमा सहभागीहरूले बजार सञ्चालन अनिवार्य हुने र तौल, मूल्य तथा गुणस्तर नियन्त्रणमा विशेष ध्यान दिनुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा सहभागीहरूले स्थानीय उत्पादनलाई प्राथमिकताका साथ बजारमा प्रवर्द्धन गर्नुपर्ने र दसैं बजारलाई केवल खरिद-बिक्रीको स्थल नभई स्थानीय हस्तकला, सांस्कृतिक सम्पदा र उद्यमशीलताको प्रदर्शनको अवसरको रूपमा उपयोग गर्नुपर्ने सुझाव दिएका छन् । छलफलमा प्रशासनिक निकायको अनुपस्थितिले सबैभन्दा बढी चर्चा बटुलेको थियो । विगतमा प्रमुख जिल्ला अधिकारी नै दसैं बजार संयोजन समितिका अध्यक्षका रूपमा रहने परम्परा भए पनि यसपटक प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुख उपस्थित थिएनन् । यद्यपि, केही प्रहरी निरीक्षक कार्यक्रममा सहभागी भएका थिए । उपभोक्ताहरूले दसैं बजारलाई लामो समयदेखि प्रतीक्षा गर्दै आएका छन् । साबुन, अगरबत्तीदेखि दैनिक उपभोग्य सामग्रीसम्म सस्तो र सहज रूपमा उपलब्ध हुने अपेक्षाले बजारमा उनीहरूको आकर्षण बढाउँछ । छलफलमा विगतका अनुभव स्मरण गर्दै भिड नियन्त्रण, ट्राफिक व्यवस्थापन, गुणस्तर अनुगमन र भाउ नियन्त्रण यसपटक विशेष प्राथमिकतामा राख्नुपर्ने सुझावहरू दिइएका थिए । कार्यक्रमको अध्यक्षता जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले गरेका थिए । छलफलमा स्थानीय व्यापारी, बुद्धिजीवी, समाजसेवी, पत्रकार र जनप्रतिनिधिहरू सहभागी थिए ।

# निजी विद्यालय सञ्चालकको जिल्लास्तरीय अन्तिम प्रदर्शन

*जनकपुर,१८ भदौ ।*




नयाँ शिक्षा ऐनले निजी विद्यालय बन्द हुने डरले आन्दोलनमा उत्रिएका निजी विद्यालय सञ्चालकहरूले जिल्लास्तरीय अन्तिम प्रदर्शन गरेका छन् । धनुषाका निजी विद्यालय सञ्चालकहरूले बुधबार जनकपुरधाममा विरोध र्‍याली निकाल्दै जिल्ला प्रहरी कार्यालय अगाडि कोण सभा गरेका थिए । विरोध र्‍यालीमा प्याब्सन, नेशनल प्याब्सन, हिसान र अपेनमा आवद्ध विद्यालयका संचालकहरू सहभागी थिए । धनुषा जिल्ला प्याब्सनका अध्यक्ष नवल यादवले आजको प्रदर्शनलाई जिल्लास्तरीय अन्तिम आन्दोलनका रूपमा लिएको जानकारी दिए । उनले भने, "भदौ २३ गतेदेखि सम्पूर्ण निजी विद्यालय सञ्चालक काठमाडौं पुगेर विभिन्न दलका शीर्ष नेताहरूसँग भेट गरी आफ्ना मागबारे ध्यानाकर्षण गराउनेछौं । भदौ २५ गते काठमाडौंमा बृहत् विरोध र्‍याली निकाल्ने कार्यक्रम छ ।"यादवले चेतावनी दिँदै भने, "सरकारले माग सम्बोधन नगरेसम्म हाम्रो आन्दोलन निरन्तर जारी रहनेछ ।"

# महोत्तरीमा हालसम्म पनि रोपाइँ हुँदै

*जनकपुर,१८ भदौ ।*



समयमा पानी नपरेर ढिलो गरी धान रोप्न सुरु गरेका जिल्लाका किसानहरू हालसम्म पनि रोपाइँमा व्यस्त छन् । आज पनि जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-८ का किसान रोपाइँमा व्यस्त देखिन्छन् । समयमा पानी नपरेकाले यस वर्ष यहाँ ढिलो गरी धान रोपाइँ सुरु भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार हालसम्म करिब ७६ प्रतिशत जग्गामा रोपाइँ सम्पन्न भएको हो ।

पानी नपरेर बीउ डढ्ने, सिँचाइ समस्याका बीचमा गत साउन १५ गतेपछि पानी पर्न सुरु गरेपछि किसानले रोपाइँ सुरु गरेकामा हालसम्म करिब ७६ प्रतिशत सम्पन्न भइसकेको केन्द्रका प्रमुख देवानन्द रायले जानकारी दिए । उनले यो वर्ष यहाँका अधिकांश किसानले बासमती धान लगाएका छन् । बासमती धानको बोट कम सिँचाइमा पनि सप्रिने र उत्पादन दिने भएकाले किसानको रोजाइमा परेको उनले बताए । नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा कुल ७१ हजार ५७० हेक्टर खेतीयोग्य जग्गा रहेकामा ६४ हजार ९७७ हेक्टरमा खेती हुँदै आएको केन्द्रका प्रमुख रायले जानकारी दिए । उनका अनुसार हालसम्म पनि रोपाइँ भइरहेकाले यसवर्ष करिब ४० हजार हेक्टरमायसवर्ष धानखेती हुने अनुमान गरिएको छ । प्रमुख रायका अनुसार जिल्लाको उत्तरी पश्चिमी क्षेत्रका किसानले मोटर, डिजेल पम्प, नदीनाला, इनार, कुँवा र स्यालो ट्युवबेलको सहयोगमा केही मात्रामा धान रोपे पनि जिल्लाभरि गत साउन १५ गतेपछि मात्रै सबै क्षेत्रमा रोपाइँ सुरु भएको थियो ।

गत वर्ष समयमा पानी परेकाले जिल्लाको कूल ४२ हजार ५०० हेक्टर जग्गामा धानखेती गरिएको थियो ।

# अहिलेको सरकार कांग्रेस र एमालेले होइन, बिचौलियाले चलाएको हो : प्रचण्ड

*काठमाडौं,१८ भदौ ।*।



नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान सरकार कांग्रेस र एमालेले नभई बिचौलियाले चलाएको आरोप लगाएका छन् । बुधाबार पार्टी निकट अखिल नेपाल महिला सङ्घ(क्रान्तिकारी)को सातौं सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले रुपमा कांग्रेस र एमालेले चलाए पनि सारमा बिचौलिया र दललाले चलाएको आरोप लगाएका हुन् । 'अहिले राज्य कसको हातमा छ भन्दा कहिलेकाहीँ हामी पनि कन्फ्युजन हुन्छौं । पार्टीका नेताहरूले राज्य चलाएको जस्तो देखिन्छ । रूप हेर्दा कहिले माओवादी र कांग्रेस, कहिले माओवादी र एमाले, कहिले कांग्रेस र एमाले भनेजस्तो देखिन्छ । तर यथार्थमा राज्य पार्टीको विचारले भन्दा बिचौलिया र दलाल पूँजीपतिहरुको बलले, बिचौलियाले करोडौं र अरबौं खर्च गरेर पार्टीका नेता खरिद गरेर चलाएको व्यवस्था हो', उनले भने । आफूले यही स्थितिको विरोध, अन्त्यका लागि सुशासन र भ्रष्टाचारविरुद्ध अभियान छेडेको उनले दाबी गरे । 'बिचौलियाले

बाँकी तेश्रो पृष्ठमा

# अनुमति नलिएका सामाजिक सञ्जाल र ओटीटीमाथि रोक लगाउन सर्वोच्चको परमादेश

*काठमाडौं,१८ भदौ ।*

सर्वोच्च अदालतले कानुनबमोजिम इजाजत नलिएका सामाजिक सञ्जाल र विभिन्न माध्यम ओटीटी एप्सलगायत इन्टरनेट ब्राउजरको माध्यमबाट विज्ञापनसहित प्रसारण हुने सामग्रीमाथि रोक लगाउन दायर भएको रिटमा परमादेश जारी गरेको छ । न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र शान्तिसिंह थापाको संयुक्त इजलासले बुधबार दुई वटा रिटमाथि सुनुवाइ गर्दै निवेदकको मागबमोजिम परमादेश जारी गरेको हो । २०७७ पुसमा अधिवक्ता वीपी गौतमले विदेशी विज्ञापनसहितका सामाजिक सञ्जाल प्लेटफर्महरू निर्वाध प्रसारणमा रोक लगाउन माग गर्दै रिट दायर गरेका थिए । रिट निवेदनमा अनधिकृत ओभर दी टप ओटिटी तथा युट्युबलगायत इन्टरनेट ब्राउजरमा भएका अनधिकृत प्रसारण सेवाहरूलाई रोक्न परमादेश माग ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाईं सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा